आज मिति २०७९।०५।३० गते विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ वमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समिति भक्तपुरको बैठक जिल्ला प्रशासन कार्यालय भक्तपुरमा प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको अध्यक्षतामा वसी तपशिल वमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी, श्री रुद्रादेवी शर्मा - अध्यक्ष

नगर प्रमुख श्री सुरेन्द्र श्रेष्ठ, मध्यपुर थिमि नगरपालिका - सदस्य

समन्वय उप प्रमुख श्री सुजता वाडे- जि.स.स. - सदस्य

जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने. जि.स.स.का. - सदस्य

जिल्ला प्रहरी परिसर भक्तपुर, प्रउ प्रजीत के.सी.

स्थानीय पार्टी नर्षा सं. डि न-२, डि.प्र. कमल प्रसाद केर्की

स्वा.का. भक्तपुर प्रमुख कृष्ण बहादुर थिआर

ने.क.पा. एमाले जिल्ला कमिटी सचिव मोहन कार्की, श्रेष्ठ

भक्तपुर नगरपालिकाका नगर प्रमुख दिलिपकुमार धुवाल

श्याम कृष्ण खत्री भक्तपुर नगर पालिका वडा नं १ वडाध्यक्ष

गोकुल ओझै वाग्ले - अध्यक्ष ने.क.पा. (माओवादी केन्द्र)

सडक डिभिजन भक्तपुर, डि.ई., मेघराज मगरति

स्थानीय प्रहरी बल बेस क्याम्प थाल [illegible] परशुराम थापा

सचिव नेपाल पत्रकार महासंघ संदीप कुमार खनाल

सडक डिभिजन, भक्तपुर, ई, बिमला धामी

उपप्रमुख, सुर्यविनायक न.पा. - सरिता भट्टराई

सीता अधिकारी गैसस भक्तपुर

विजय प्र. धौभडेल जु.बा.यं.को. भक्तपुर की.प्र.

नारायण प्रसाद-धौपाने गैसस भक्तपुर

हरिप्रसाद चापागाई, प्र.प्र.अ. चाँगुनारायण न.पा.

विजयराज सुवेदी, प्र.प्र.अ. मध्यपुर थिमी नपा

उमा थापा क्षेत्री, कार्यालय प्रमुख, १११, नेरेसो भक्तपुर

मधु सुदन खड्का भक्तपुर उद्योग वा. संघ

श्री इन्द्रबक्स गण संस्थानी राजकुमार थापा

आर.एन.ए १६ — अध्यक्ष — [signature]

काशी दास श्रेष्ठ — भक्तपुर चेम्बर अध्यक्ष — [signature]

आशिष नेपाल — आर्केटेक्ट आर्किटेक्ट/भक्तपुर — [signature]

कमलेश्वरी प्रजा — वा.भा. गणपति नेपाल हेडक्वार्टर — [signature]

परशुराम पाण्डे — मन्त्री - नेपाल हेडक्वार्टर — [signature]

जयराम लामा — नेपाल सं. भक्तपुर (नगरपालिका) — [signature]

राजीव दुलाल — भक्तपुर पत्रकार महासंघ — [signature]

निर्णय

१. जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

२. लामखुट्टेको टोकाईबाट सर्ने डेंगु रोगबाट यस जिल्लामा ५१० जना रजिष्ट्रर केशहरु भएको छ । स्वास्थ्य कार्यालय तथा नगरपालिकाहरुबाट डेंगु रोग रोकथाम तथा नियन्त्रणमा भएको प्रयासका विषयमा जानकारी भयो ।डेगुले महामारीको रुप लिन लागेकोले यसको सरल उपचार नभएको हुँदा, वच्चनको लागि व्यक्तिगत र सामुदायिक रुपमा अपनाउनु पर्ने सावधानी तथा डेंगु नियन्त्रण गर्ने निरोधात्मक उपायहरु संचालन गर्न देहाय बमोजिम गर्न अनुरोध गर्ने ।

क. जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुर तथा स्थानीय तहहरुबाट एफ.एम.सञ्चार माध्यमबाट डेंगु नियन्त्रणका लागि व्यक्तिगत र सामुदायिक रुपमा अपनाउनु पर्ने सावधानी र सचेतनामूलक प्रचार सामाग्री तयार गरी प्रसारणको व्यवस्था मिलाउने ।

ख. सबै स्थानीय तहले नगरपालिका भित्र प्रत्येक वडामा नगर प्रहरी, सुरक्षा निकायका प्रतिनिधि, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, क्लवहरु, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी मार्फत सार्वजनिक स्थल तथा शैक्षिक संस्थाहरुमा प्रत्येक हप्ता खोज तथा नष्ट गर अभियान चलाउने ।

ग. विद्यालय तहमा डेंगु नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्न शिक्षा विकास तथा समन्वय इकाई मार्फत प्याब्सन/एन.प्याब्सनमा आवद्ध सबै विद्यालयमा लेखी पठाउने प्राविधिक सहयोग स्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्य शाखाहरुले व्यवस्था मिलाउने ।

घ. विभिन्न निजी क्षेत्र, व्यवसायीहरु, होटेल व्यवसायीले होटल, रेष्टुरेन्ट तथा व्यवसायिक स्थलहरुमा खोज र नष्ट गर अभियान चलाउने ।

ङ. डेंगु विरामीका व्यक्तिको उपचारको राम्रो प्रबन्ध जिल्ला स्थित सरकारी तथा निजी अस्पताल तथा पोलि क्लिनिकहरुले गर्ने । जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुरले उपचार प्रभावकारी भए नभएको अनुगमन गर्ने ।

३. ब्रिटिस रेडक्रसको सहयोगमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखामा संचालित कोभिड-१९ भ्याक्सिनेसन रोल आउट कार्यक्रमको बारेमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाबाट जानकारी गराइयो ।

2063/04/30

४. जिल्ला प्रशासन कार्यालयबाट प्राकृतिक विपतिको घटनामा परी निवेदन माग भए बमोजिम मिति २०७८।१०।०१ देखि मिति २०७९ भाद्र ३० गतेसम्म उपलब्ध गराइएको देहायको राहत रकम अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.न. | नाम थर | ठेगाना | राहत रकम | विवरण |
|---|---|---|---|---|
| १ | राम बहादुर दियाली | लोकन्थली | १०,०००।- | आगलागी |
| २ | तोरण बहादुर थापा | सु.न.पा.१० | २,००,०००।- | बाढीबाट श्रीमतीको मृत्यु भएको |
| ३ | कृष्ण गोपाल कपाली | चा.न.पा.-९ | १०,०००।- | बाढी |
| ४ | विसु थापा | सु.न.पा.१० | १००००।- | बाढी |
| ५ | आशामरु सिलकार | भ.न.पा.३ | ५,०००।- | आगलागी |
| ६ | विक्ता राम हाकजु | चा.न.पा.५ | ५०००।- | बाढी |
| ७ | रुपमान तामाङ्ग | म.थि.न.पा.०१ | ५०००।- | बाढी |
| ८ | गोमा कार्की | | ५०००।- | बाढी |
| ९ | सपन राना मगर | | ५०००।- | बाढी |
| १० | गिता कुमारी मगर | | ५०००।- | बाढी |
| ११ | शारदा बस्नेत | | ५०००।- | बाढी |
| जम्मा | | | २,६५,०००।- | |

५. स्थानीय तहहरुसँग समन्वय गरी विपद्को समयमा उद्धार राहत सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास संचालन गर्ने ।

६. यस बर्षको विजयादशमी, तिहार तथा छठ पर्व लगायतका चाडपर्वहरु नजिक आइरहेकोले बजारमा हुन सक्ने अस्वभाबिक मूल्य वृद्धि हुन नदिन वस्तु तथा सेवाको गुणस्तर कायम राखि दैनिक उपभोग्य खाद्य वस्तुको आपूर्ति व्यवस्थालाई नियमीत, सुलभ र प्रभावकारी बनाउन उद्योग बाणिज्य संघ, चेम्वर अफ कमर्श तथा घरेलु तथा साना उद्योग संघले नियमीत अनुगमन गर्ने ।जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरुबाट संयुक्त अनुगमन गर्ने ।

७. चाडपर्वको समयमा यात्रुहरुको चाप र सवारी साधनको चापलाई व्यवस्थित गरी निर्वाध रुपमा यातायात संचालन गर्ने, निर्धारित भाडादर भन्दा बढी लिन नपाइने व्यवस्था मिलाउन सवारी चालकहरुलाई सचेतना गर्न यातायात व्यवसायीलाई निर्देशन दिन ।

८. नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखाबाट जिल्लामा रगतको कमी हुन नदिन आवश्यक व्यवस्था मिलाउने ।